# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः १६ मार्च २०२६

समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- भारतीय जनता पार्टीले राज्य बिधान सभा चुनावका लागी आफ्नो उम्मेदवारहरुको दोस्रो सूची जारी गरेको छ | दार्जीलिंगबाट नमन राई ,खर्सांगबाट सोनाम लामा अनि कालेबुंगबाट हकी खेलाडी भारत छेत्रीलाई उम्मेदवार बनाएको छ |

- २.आजदेखि देशभरी नव रात्री पर्व अनि कयैन भागमा नव बर्ष गुडी पर्व ,उगादी ,चैत्र शुक्लादी .चेति चांद ,नवरेह र सजिवु चेरोबा पर्व पालन गरिंदैछ |राष्ट्रपति उप राष्ट्रपति र प्रधानमंत्रीले देशवाशीहरुलाई बधाई र शुभकामना दिनु भएको छ |

- ३.राष्ट्रपति द्रौपदी मुर्मुले आज अयोध्यामा श्री राम जन्मभूमि मन्दिरको दर्शन गर्नु भयो|

- ४.नेपालमा नेपाली कांग्रेसका अधक्ष्य गगन थापाले राजिनामा दिएका छन् |

- ५.अमेरिका इजरायल र इरान बिचको लडाई झन् तिब्र भएर गएको छ |

- ६.फिलिपिन्स FIFA महिला WORLD कप FOOTBAL का लागि QUALIFY गरेको छ |

**भाजपा – उम्मेदवार को घोषणा**

भारतीय जनता पार्टीले विभिन्न राज्यहरुमा विधानसभा चुनाउ २०२६ को लागी आफ्नो उम्मेदवारहरुको घोषणा गरेको छ 1 पार्टी अनुसार, रितेश रवि नाइक गोवालाई पोंडा विधानसभा सीटबाट खडा गरिएका छन् जब कि नागालैंडमा दाओचिर आई. इम्चेन, कोरीडांग विधानसभा क्षेत्रबाट चुनाउ लड्नेच चुनाव लड़नेछ । कर्नाटकमा पार्टीले वीरभद्रय्या चरंतिमाठलाई बागलकोट विधानसभा सीटबाट र श्रीनिवास टी. दासकारियप्पा लाई दावनगेरे दक्षिण विधानसभा क्षेत्रबाट उम्मेदवार बनाएको छ। त्रिपुरामा जहर चक्रबोर्तीलाई धर्मनगर सीटमा पार्टीको उम्मेदवार बनाईको छ 1 यह निर्णय भाजपा अध्यक्ष नितिन नबीनको अध्यक्षतामा हिज भएको पार्टीको केंद्रीय चुनाव समितिको बैठकमा लिइएको हो 1 बैठकमा प्रधानमंत्री नरेंद्र मोदी, रक्षा मंत्री राजनाथ सिंह, गृह मंत्री अमित शाह लगायत समितिका अन्य सदस्यहरु उपस्थित थिए 1

**बंगाल चुनाव**

पश्चिम बंगालमा विधानसभा चुनावको माहौल दिन दिनै तातिन्दै गईरहेको छ। राज्यका जम्मा २९४ सीटहरू मध्ये टिएमसी ले २९१ उम्मेद्वारहरूको नामको घोषणा गरिसकेको छ भने कतिपय टिएमसी नेताहरूले टिक नपाएकोले बगावत पनि गरिरहेका छन्। जलपईगुड़ीका कांग्रेस नेताहरू, पूर्व वर्धमान, हुगलीका नेताहरू साति दक्षिण चौबीस परगनाका टिएमसी नेताहरूले मुख्यमंत्री ममता व्यानर्जीलाई चुनौती दिन्दै पार्टीको हारलाई पक्का गर्ने संकल्प व्यक्त गरेका छन्। ममता व्यानर्जी भवानीपुर सिटबाट चुनाव लड़ने छिन भने भाजपा नेता शुभेन्दु अधिकारीले उनलाई कड़ा टक्कर दिने छन्। भारती जनता पार्टीले पनि डुर्वसका केही सिट अनि दार्जीलिङ पहाड़का तीन सिट छोड़ेर प्रथम चरणमा १४४ जना उम्मेद्वारहरूको नामको घोषणा गरिसकेको छ भने आज दोस्रो सूची पनि जारी गरेको छ जसमा पूर्व केन्द्रिय मंत्री निशित प्रमाणिकलाई माथाभांगा र सांसद र अभिनेत्री रूपा गांगुलीलाई सोनारपुर दक्षिणबाट उम्मेद्वार बनाएको छ। यस दोस्रो सूचीमा जम्मा १११ उम्मेद्वारहरूको नाम शामेल छ। दार्जीलिङ विधानसभा सीटबाट भाजपाले नोमन राई, कालेबुङबाट भरत छेत्री अनि

खरसांगबाट सोनाम लामालाई आफ्नो उम्मेद्वार बनाएको छ। यसका साथ दार्जीलिङ पहाड़मा भाजपा र बीजीपीएम बीच कड़ा मूकाबला हुने स्पष्ट देखिन थालेको छ।

**बंगाल विस चुनाव : चुनाव आयोगले 15 आईपीएस अधिकारिहरुलाई राज्यदेखि बाहीर पठाए**

पश्चिम बंगालमा आगामी महिना हुने दुई चरणहरुको विधानसभा चुनावभन्दा पहिले निर्वाचन आयोगले ठूलो प्रशासनिक कदम उठाउदै 15 भारतीय पुलिस सेवा (आईपीएस) अधिकारिहरुको राज्य सरकार द्वारा गरिएको वैकल्पिक तैनाती रद्द गरेको छ । आयोगले यी अधिकारिहरुलाई अन्य चुनावी राज्यहरुमा पुलिस पर्यवेक्षकको रुपमा प्रतिनियुक्त गर्ने निर्णय लिएको छ । हिज अबेर राति जारी अधिसूचनामा आयोगले स्पष्ट भनेको छ कि जुन अधिकारिहरुलाई पहिले उनीहरुको पदहरुबाट हटाएर चुनाव संबंधी जिम्मेवारिहरुदेखि अलग गरिएको छ , उनीहरुलाई राज्य भित्र अन्य पदहरुमा राख्ने अनुमति दिइने छैन । यी आईपीएस अधिकारिहरुलाई राज्यबाट बाहर पठाइने छ जसमा आकाश माघरिया, आलोक राजोरिया, अमनदीप, अभिजीत बनर्जी, भास्कर मुखर्जी, सी. सुधाकर, धृतिमान सरकार, इंदिरा मुखर्जी, मुरलीधर, मुकेश, प्रवीण कुमार त्रिपाठी, प्रियब्रत राय, संदीप कर्रा, राशिद मुनीर खान र सैयद वकार राजा शामेल छन् ।
राज्यका विपक्षी दलहरु , विशेष गरेर भारतीय जनता पार्टी (भाजपा) को तर्फबाट अधिकारिहरुलाई चुनाव आयोगले चुनाव संबंधी कार्यहरुबाट अलग राख्ने लगातार मांग राखेका थिए|
मुख्यमंत्री ममता बनर्जीले बिना राज्य सरकारबाट परामर्श नलिइ अधिकारिहरुको स्थानतरण माथि आपत्ति जताएकी छन् । उहाँले यस संबंधमा मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारलाई पत्रचार गरि आफ्नो आपत्ति जनाएकी छन् ।

**चैत्र नवरात्रि - पावन उत्सव - शुरू**

चैत्र नवरात्रको पवित्र पर्व आजदेखि शुरु भएको छ । नौ दिनसम्म चल्ने महोत्सवलाई लिएर देशैभरि उत्साह र उमंग छ। नवरात्रीको पहिलो दिन मन्दिरहरुमा विशेष पूजाअर्चना गरिँदैछ । ठूलो संख्यामा भक्तजन तथा श्रद्धालुहरु मन्दिरमा पुगिरहेका छन् ।

**राष्ट्रपति द्रौपदी मुर्मु-शुभकामना**

राष्ट्रपति द्रौपदी मुर्मुले आज चैत्र शुक्लादि, उगादि, गुडी पाडवा, चेती चन्द, नवरेह र साजिबु चेरोबाका अवसरमा देशवासीहरूलाई शुभकामना दिनुभएको छ। सामाजिक सञ्जाल पोष्टमा राष्ट्रपति मुर्मुले देशका विभिन्न क्षेत्रहरूमा मनाइने यी चाडपर्वहरूले नयाँ वर्षको आगमनको स्वागत गरेको र ये पर्वहरु भारतको समृद्ध सांस्कृतिक विविधताका जीवित प्रतीकहरू भएको बताउनु भएको छ । उहाँले यी शुभ पर्वले सबैको जीवनमा समृद्धि र नया आशाहरु संचार होस् भन्ने कामना गर्नुभएको छ ।प्रधानमंत्री नरेंद्र मोदीले पनि आज देशवासीलाई चैत्र नवरात्रिको शुभकामना दिनुभएको छ ।प्रधानमंत्री श्री मोदीले सोशल मीडिया संदेशमा सबै को लागी सुख, सौभाग्य, समृद्धि अनि उत्तम स्वास्थ्यको कामना गर्नुभएको छ ।

**प्रधानमन्त्री-शुभकामना**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नवसंवत्सरका अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ ।सोशल मीडिया पोस्टमा प्रधानमंत्री श्री मोदीले नया वर्षले प्रत्येकको जीवनमा साहस, आत्मविश्वास र सेवाको भावनालाई बलियो बनाउने प्रार्थना गर्नुभएको छ । प्रधानमन्त्री श्री मोदीले भन्नुभएको छ -नया साल राष्ट्र निर्माणको लागी देशको सामूहिक प्रयासहरुमा नयाँ गति प्रदान गर्ने । प्रधानमंत्री नरेन्द्र मोदीले आज गुडी पडवाको अवसरमा सम्पुर्ण नागरिकहरुलाई शुभकामना दिनुभएको छ ।

**ममता ब्यानर्जीले दिइन् चाड़-पर्वहरूको शुभकामना**

मुख्यमंत्री ममता ब्यानर्जीले आज विभिन्न चाड़-पर्वहरूको अवसरमा मानिसहरूलाई शुभकामना दिनु हुदै सबैको सुख-समृद्धिको कामना गर्नु भएको छ ।
मुख्यमन्त्रीले ‘एक्स’- मा जारी आफ्नो सन्देशमा गुड़ी पड़वाको अवसरमा मानिसहरूलाई बधाई दिनुहुदै यो पर्वले सबैको जीवनमा सुख, समृद्धि र नयाँ आरम्भ लिएर आओस् भनि कामना गर्नु भएको छ ।
उहाँले उगादीको अवसरमा शुभकामना दिनुहुदै , यो पर्व नवजीवन तथा आशाको प्रतीक बताउनु भएको छ ।उहाँले यस विशेष

दिनमा सबैको कल्याणको प्रार्थना गर्नु भएको छ ।
चेटी चण्डको उपलक्ष्यमा मुख्यमंत्रीले सिन्धी समुदायलाई शुभकामना दिनुहुदै , यो पावन पर्वले सबैको जीवनमा सुख, समृद्धि तथा आशीर्वाद लिएर आओस् भनि प्राथना गर्नु भएको छ ।
यसको साथै चैत्र नवरात्रिको अवसरमा उहाँले सबैलाई बधाई दिनुहुदै देवी दुर्गासित मानिसहरूको सुख,समृद्धि तथा सुस्वास्थ्यको कामना गर्नु भएको छ ।

**अयोध्या - राष्ट्रपति**

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नु भयो - आज देश सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक मोर्चाहरूमा पुनर्जागरणको दौरबाट गुज्रिरहेको र अयोध्याको श्री राम जन्मभूमि मन्दिर यसको प्रतीक बनेको छ।
उहाँले अयोध्यामा आयोजित एक सभालाई सम्बोधन गर्दै यो कुरा भन्नु भयो। राष्ट्रपति उत्तर प्रदेशको तीन दिने भ्रमणमा हुनु हुन्छ।

.......बाइट .. राष्ट्रपति.......

श्रीमती मुर्मुले राम जन्मभूमि मन्दिरमा दर्शन, पूजन र आरती गर्नु भयो । उहाँले त्याहाँ श्री राम यन्त्र स्थापना समारोहमा भाग लिनु भयो। वैदिक मन्त्रहरू बीच आज मन्दिरको दोस्रो तल्लामा श्री राम यन्त्रको स्थापना गरियो।
यस अवसरमा मुख्यमन्त्री योगी आदित्यनाथले आजको भारत नयाँ भारत मात्र नभई परिवर्तनशील भारत पनि भएको बताउनु भयो। उहाँले पछिल्लो एक वर्षमा लगभग १५८ करोड भक्तजनले राज्यका विभिन्न मन्दिरहरूको दर्शन- भ्रमण गरेको जानकारी पनि दुन भयो।

**अनुप गदाल**

विभिन्न अडकलबाजीहरुलाई पुर्णविराम लगाउदै अनन्त: युवा नेता अनुप गदाल आज भारतीय जनता पार्टीमा आधिकारिक रुपमा सामेल भएका छन् । सिलगढीस्थित मतिगढाको बरसानामा दार्जीलिङका सांसद राजु विष्ट, भाजपा दार्जीलिङ जिल्ला अध्यक्ष सञ्जीव लामा लगायत पार्टीका अन्य कार्यकर्ताहरूको उपस्थितिमा तिनले भाजपाको झण्डा ग्रहण गरेका छन्। यस अवधि गदालले गोर्खाहरूलाई सबैकुरो दिने पार्टी नै भाजपा हो भनी दावी गरेका छन् । उनी सितै अन्य ले पनि आज दार्जीलिङका सांसद तथा भाजपा राष्ट्रिय प्रवक्ता राजु बिष्टको वाहुली बाट आधिकारिक रुपमा भारतिय जनता पार्टीको झण्डा थाप्दै पार्टीमा सामेल भएका छन् । मैले टिकटको निम्ति राजनीति गरेको होइन ।भाजपाले केही दिएन भनेर धेरैले प्रश्न उठाएका थिए तर दिने भनेको भाजपा नै रैछ ,भाजपा राष्ट्रिय पार्टी हो त्यसैले बिश्वास गरेर आएको हो भनि बताउदै अनुप गदालले क्षेत्रीय पार्टीको ड्रामा हुन्छ क्षेत्रीय पार्टी भनेको पहाडमा भ्रष्टाचारको लाइसेन्स लिनु रहेको रहेछ भन्दै भाजपामा सामेल हुन आफू ले टिकट अनि रुपैया नमागेको उनले स्पष्ट पारेका छन् ।आगामी चुनाव पछि भाजपा आउने सम्भावना रहेको पनि अनुप गदाल ले बताएका छन् । युवाको निम्ति, चिया श्रमिक को निम्ति काम गर्नु पर्ने बताउदै पहाड ले राजु बिश्ट अनि भाजपा सित आशा राखेको पनि अनुप गदालले बताएका छन् ।

**जलपाईगुडी दुर्घटना**

जलपाईगुडी राष्ट्रिय राजमार्ग सिलिगुढीदेखि केही किलोमिटर टाढा मोहितनगर ओभरब्रिज नजिकै कन्टेनर ट्रक र एम्बुलेन्स मुखामुख ठोक्किँदा ठूलो दुर्घटना भएको छ। कन्टेनर ट्रक र एम्बुलेन्स ठोक्किएपछि तुरुन्तै दुवै सवारी साधनमा आगो लागेको र केही समयमै कन्टेनर ट्रक र एम्बुलेन्स पूर्ण रूपमा जलेर खरानी भएको खबर प्राप्त भएको छ ।लगभग एक घण्टाको कडा परिश्रमपछि दमकलकर्मीहरूले आगोलाई नियन्त्रणमा ल्याएको थियो , तर त्यतिन्जेलसम्म दुवै सवारी साधन पूर्ण रूपमा क्षतिग्रस्त भइसकेको थियो। घटनापछि राजमार्गमा अराजकता मच्चिएको थियो र पुलिसले घटनास्थलमा पुगेर ट्राफिक नियन्त्रण गरेका थिए । हाल घाइतेहरूको संख्या र अवस्थाको बारेमा आधिकारिक जानकारी प्राप्त भएको छैन।

**नेपाल -गगन थापा**

नेपालमा एक महत्वपूर्ण घटनाक्रममा नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले आफ्नो पदबाट राजीनामा दिएका छन्। थापाले बुधबार राजीनामा दिएको पार्टी कार्यालयले जनाएको छ। यस वर्षको जनवरीको मध्यतिर सम्पन्न नेपाली कांग्रेसको विशेष महाधिवेशनले थापालाई सर्वसम्मतिले अध्यक्षमा निर्वाचित गरेको थियो। सर्लाही निर्वाचन क्षेत्रबाट आफ्नै पराजय र 5 मार्च 2026 को दिन भएको प्रतिनिधि सभाको निर्वाचनमा पार्टीको खराब प्रदर्शनपछि उनी राजीनामा दिन दबाबमा थिए।
यसैबीच, नेपाली कांग्रेसले भोलि, शुक्रबार केन्द्रीय कार्यसमितिको बैठक बोलाएको छ। नेपाली कांग्रेस ३८ सिटसहित नेपालको दोस्रो ठूलो दलमा घटेको कुरा उल्लेखनीय छ।

**अमेरिका-इरान-कतार: तनाव**

पश्चिम एसियामा तनाव निरन्तर बढ्दै गएको छ। कतारको प्रमुख ऊर्जा पूर्वाधारमाथि इरानको जबाबी क्षेप्यास्त्र हमलापछि अमेरिकाले इरानलाई कडा चेतावनी दिएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पले कतारको ऊर्जा पूर्वाधार सुविधाहरूमाथि हुने कुनै पनि इरानी हमलाको कडा जवाफ दिने बताउनु भएको छ। उहाँले चेतावनी दिन्दै भन्नु भएको छ कि यदि यस्ता हमलाहरू जारी रहयो भने दक्षिणी इरानमा रहेको पार्स ग्यास क्षेत्रलाई नै उडाई दिने भन्नु भएको छ। इजरायलले इरानको सो ऊर्जा क्षेत्रमाथि अब थप हमला नगर्ने पनि संकेत ट्रम्पले दिनु भयो। कतारले आफ्नो रास लाफान औद्योगिक शहरमाथि भएको पछिल्लो हमलाको प्रतिक्रियामा तीव्र कारबाही गरेको छ र आगोमाथि नियंत्रण गर्ने हरेक प्रयास गरिरहेको छ। कतारको मुख्य ग्यास सुविधाहरूलाई व्यापक क्षति पुगेको छ अनि ठूलो आगलागी भएको छ। दोहाले इरानका सैन्य र सुरक्षा अधिकारीहरूलाई देश छोड्न आदेश दिएको छ तथा यस हमलालाई सार्वभौमिकताको गम्भीर उल्लङ्घन र क्षेत्रीय स्थिरताको लागि खतरा बताएको छ। यी घटनाक्रमहरू यस्तो समयमा भएका छन् जब स्ट्रेट अफ होर्मुज लगभग बन्द छ। होर्मुज बन्द हुनाले विश्वव्यापी ऊर्जा बजारलाई बाधा पुऱ्याएको छ। यसैबीच, अमेरिका र इजरायलको हमलाहरूलाई लिएर इरानका राष्ट्रपतिले यस संघर्षको अनियन्त्रित परिणामहरू हु सक्ने चेतावनी दिएका छन्।

**फीफा - महिला विश्व कप**

आज गोल्ड कोस्टमा खेलिएको महिला एसियाली कप प्ले-इन म्याचमा उज्बेकिस्तानलाई २-० गोलले हराउँदै फिलिपिन्स फिफा महिला विश्वकप २०२७ को लागि छनोट भएको छ। फिलिपिन्सका लागि एन्जेला बियर्ड र ज्याकलिन सवित्स्कीले एक-एक गोल गरिन्।पहिलो हाफमा फिलिपिन्सले वर्चस्व कायम राख्यो तर गोल गर्न असफल रह्यो। हाफ टाइम पछि, फिलिपिन्सले उज्बेकिस्तानलाई हराउन दुई गोल गर्यो, यसरी ब्राजिलमा आयोजना हुने फिफा महिला विश्वकपमा फिलिपिन्सले स्थान सुरक्षित गरेकोछ।

**********